प्रदेश सरकार

लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

बुटवल, रुपन्देही

प.सं. - ०७७/७८
च.नं.-

मिति: २०७८/०१/०६

**विषय: अतिसीमान्तकृत एवं लोपोन्मुख जातजातीका विद्यार्थीका लागि उच्च शिक्षा छात्रवृत्ति सम्बन्धी सुचना।**

प्रस्तुत विषयमा आ.व. २०७७।०७८ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनी प्रदेश अन्तर्गतका क्याम्पसहरुमा स्नातक वा स्नात्तकोत्तर तहमा अध्ययनरत डुम, मुसहर र चंमार समुदाय तथा अन्य पहिचान भएका अतिसीमान्तकृत एवं लोपोन्मुख जातजातीका विद्यार्थीहरुका मासिक रु. २,५००/- को दरले १० महिना बराबरको छात्रवृत्ती रकम उपलब्ध गराउने कार्यक्रम रहेकोले मिति २०७८ साल जेष्ठ ५ गते भित्र सम्बन्धित क्याम्पसहरुबाट छात्रवृत्ति प्राप्त गर्ने आधार प्रमाण खुल्ने कागजातहरु सहित विद्यार्थीहरुको निवेदन माग गरी प्राप्त निवेदन र अन्य आबश्यक कागजात रुजु एवं प्रमाणित गरी एक मुष्ट विवरण मिति २०७८ साल जेष्ठ १० गते भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा आइपुग्ने गरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>छात्रवृत्ति प्राप्त गर्ने आधारहरुः</u>

सामुदायिक कलेजबाट प्रथम श्रेणीमा स्नातक तह र कक्षा १२ प्रथम श्रेणीमा उत्तीर्ण गरेका तथा अक्षराङ्कन प्रणाली अनुसार २.८ जिपिए वा सो भन्दा माथीको जिपिए प्राप्त गरेका अतिसीमान्तकृत तथा लोपोन्मुख डुम, मुसहर र चमार समुदायका विद्यार्थी भएको सम्बन्धित निकायबाट प्रमाणित हुनुपर्ने तथा सम्बन्धित क्याम्पसको अध्ययन निरन्तरताको पत्र समेत पेश गर्नु पर्ने।

टीकाराम अर्याल
नि.निर्देशक

**<u>बोधार्थः</u>**

श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबैः सम्बन्धित जिल्ला अन्तर्गतका क्याम्पसहरुमा सूचना प्रवाह गरी कार्यान्वयन गर्नु हुन तथा एक मुष्ट विवरण प्रमाणित गरी विद्युतीय Excel प्रति समेत मिति २०७७ साल जेष्ठ १५ गते भित्र निर्देशनालयमा आइपुग्ने गरी पठाइदिनुहुन।

<u>सम्पर्कः</u>

१. श्री सामाजिक विकास डिभिजन कार्यालय बाँके, (बाँके र बर्दिया) - सम्पर्क नं ९८६७२४७७२९
२. श्री सामाजिक विकास डिभिजन कार्यालय दाँङ, (दाँङ र रुकुम पुर्व)- सम्पर्क नं ९८५७८२५२४६
३. श्री सामाजिक विकास डिभिजन कार्यालय प्युठान, (प्युठान र रोल्पा) -सम्पर्क नं ९८४७१०९९२१
४. श्री सामाजिक विकास डिभिजन कार्यालय कपिलस्तु गजेडा, (कपिलस्तु र अर्घाखाँची)- सम्पर्क नं ९८५७०६३१३३
५. श्री सामाजिक विकास डिभिजन कार्यालय पाल्पा तानसेन, (पाल्पा र गुल्मी) -सम्पर्क नं ९८५७०१६८१३
६. श्री सामाजिक विकास डिभिजन कार्यालय रुपन्देही भैरहवा, (रुपन्देही र नवलपरासी पश्चिम) -सम्पर्क नं ९८५७०१७१८४